# नामसालिङ्ग सामुदायिक विकास केन्द्र इलाम

## बार्षिक प्रगतिप्रतिवेदन

### आर्थिक बर्ष २०८२/०८३



तयार गर्ने

नामसालिङ्ग सामुदायिक विकास केन्द्र

इलाम, २०८३ श्रावण

# नामसालिङ्ग सामुदायिक विकास केन्द्र इलाम

# बार्षिक प्रगति प्रतिवेदन

# आर्थिक बर्ष २०८२/०८३



**<u>तयार गर्ने</u>**

**नामसालिङ सामुदायिक विकास केन्द्र**

**इलाम**

**२०८३ श्रावण**

# परिच्छेद एक

## १. पृष्ठभूमी

### १.१ संक्षिप्त परिचय

नामसालिङ सामुदायिक विकास केन्द्र (NCDC) वि.स. २०४१ साल पौष १४ गते आम नामसालिङबासी विकास प्रेमी जनताका अगुवा व्यक्तित्व तत्कालीन प्रधानपञ्च स्व. रमेशचन्द्र गुरागाईंको अध्यक्षतामा बसेको आमभेलाको निर्णयबाट स्थापना भएको नाफारहीत गैर-सरकारी सामुदायिक विकास संस्था हो । नामसालिङ भौगोलिक रुपले इलाम जिल्ला अर्न्तगत हालको माईजोगमाई गाउँपालिका वडा न. ३ र ४ को क्षेत्र हो । तत्कालीन नामसालिङ गाउँ पञ्चायतको अगुवाईमा आम नामसालिङबासीहरुको चौतर्फी विकास र उन्नतिका लागि योजनाबद्ध विकास प्रणालीको थालनी गर्ने अभिप्रायले एकसय वर्षे ***नामसालिङ्ग विकास योजना*** तयार पारियो । उक्त योजनाको सफल कार्यान्वयनका लागि आवश्यक सहजीकरण एवम् सामाजिक परिचालन गर्न यस संस्थाको स्थापना भएको हो ।

### १.२ बैधानिक प्रावधान

नामसालिङ सामुदायिक विकास केन्द्र (NCDC) संस्था दर्ता ऐन २०३४ अनुसार वि.सं. २०४४ साल मंसीर २९ गते जिल्ला प्रशासन कार्यालय इलाममा बैधानिक रुपमा दर्ता छ । वि.सं. २०४५ साल आषाढ २१ गते समाज कल्याण परिषद (तत्कालीन सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद) मा औपचारिक रुपमा आवद्ध भएको छ । त्यसै गरी यो संस्था २०५३ साल देखि गैर-सरकारी संस्था महासंघ नेपालको सदस्य-संस्थाको रुपमा रहदै आएको छ । आन्तरिक राजश्व कार्यालय भद्रपुरमा वि.सं. २०५९ असोज २४ गते यस केन्द्रले आफ्नो संस्थागत स्थायी लेखानम्बर (पान)मा दर्ता भै संस्थागत आर्थिक कारोबारहरुको कर तथा राजश्व भुक्तानी नियमित गर्दै आएको छ । बैदेशिक सहायतामा करछुट प्राप्त संस्थाको रुपमा २०६० साल मंसीर २४ गते दर्ता भई नियमानुसार नविकरण हुदै आएको छ । नेपालको वर्तमान संविधान २०७२ स्थानीय तहहरुको गठन भई पहिलो निर्वाचन सम्पन्न भई संघसंस्था नियमन सम्बन्धी स्थानीय माईजोगमाई गाउँपालिकाको ऐन जारी भएपछि वि.सं. २०७६ साल बैशाख ५ गते माईजोगमाई गाउँपालिका इलाममा समेत दर्ता अभिलेखीकरण भै वार्षिक रुपमा नविकरण र सेवा प्रदायक सामाजिक संस्थाको रुपमा नियमित सूचीकृत हुदै आएको छ ।



## १.३ संस्थाको परिकल्पना, ध्येय

**परिकल्पना:** नासाविकेको परिकल्पना, स्वावलम्बी, समतामूलक र पूर्ण समावेशी समाजको सृजना

**ध्येय:** सन्तुलित तथा दिगोविकासको माध्यमबाट समुन्नत जीवनका लागि स्थानीय समुदायलाई स्वतस्फूर्त रुपमा स्वचालित गराउने ।

### १.३.१ संस्थाको उद्देश्य

- ❖ प्राकृतिक तथा सांस्कृतिक सम्पदाको समुचित व्यबस्थापन गर्ने ।
- ❖ उपयुक्त प्रविधिको विकास तथा समुदायको सीप तथा प्राविधिको हस्तान्तरण गर्ने ।
- ❖ सामाजिक विकास तथा सुधारका कार्यक्रम गर्ने ।
- ❖ समुदायको शैक्षिक, आर्थिक तथा मानसिक एवम् शारीरिक स्वास्थ्यको स्तर उकास्ने
- ❖ समुदायमा नेतृत्व विकास गराउने
- ❖ स्वावलम्बी, समतामूलक र पूर्ण समावेशी समाजको स्थापनाको लागि सामुदायिक सशक्तीकरण गर्ने ।


### १.३.२ नासाविकेको रणनीतिहरू

- ❖ सामाजिक परिचालनका माध्यमबाट समुदायलाई सशक्तीकरण गर्ने
- ❖ स्थानीय निकायहरुसँग समन्वय गरी कार्य संचालन गर्ने ।
- ❖ स्थानीय, राष्ट्रिय, अन्तराष्ट्रिय गैसस र संघ संस्थाहरुसँग समन्वय र साझेदारीमा काम गर्ने ।
- ❖ महिला, बालबालिका, पछाडि पारिएका जातजाती र सिमान्तकृत वर्गको हितलाई प्राथमिकता दिई सहभागितामूलक पद्धतिबाट कार्यक्रम संचालन गर्ने ।
- ❖ स्थानीय समुदायको संलग्नतामा सीप, प्रविधि, स्थानीय स्रोत साधनहरुको परिचालन र व्यबस्थापन गर्ने ।
- ❖ नीजि क्षेत्रलाई प्रोत्साहन गरी विकास कार्यमा सहभागी गराउने ।
- ❖ वातावरणमा प्रतिकूल असर नपर्ने गरी माग र सहभागिताको आधारमा पूर्वाधार विकास कार्य संचालन गर्ने ।
- ❖ कार्यक्रमको सिकाई तथा अनुभवका क्षेत्रहरु जस्तै: सामुदायिक स्वास्थ्य, शिक्षा, बैकल्पिक ऊर्जा, सहभागितात्मक योजना तर्जुमा कार्यक्रमहरुलाई निरन्तरता दिदै विस्तार गर्ने ।
- ❖ सहभागितात्मक योजना तर्जुमा विधिलाई स्थानीय स्तरमा संस्थागत गर्दै लैजाने
- ❖ बैकल्पिक तथा नवीकरणीय ऊर्जा प्रवर्द्धनको लागि क्षेत्रीय स्तरमा सहजीकरण गर्ने ।
- ❖ माकातोमाकी नासाविके महिला छात्रबृत्तिलाई कार्यक्रमलाई व्यापक र प्रभावकारी बनाउने ।
- ❖ सहकारिताको माध्यमबाट समुदायस्तरमा रहेको पुँजी उत्पादनमूलक क्षेत्रमा परिचालन गराउने ।
- ❖ स्वास्थ्य अक्षयकोष बृद्धि गर्दै निरन्तरता प्रदान गर्ने ।
- ❖ स्थानीय समुदायलाई अभिप्रेरित गर्दै लागत सहभागितामा सीप र प्रविधि हस्तान्तरण गर्ने ।
- ❖ सहभागितात्मक नियमति अनुगमन तथा मूल्याङ्कनको माध्यमबाट कार्यक्रमको प्रभावकारिता बृद्धि गर्नै लैजाने ।

### १.३.३ नासाविकका मूल्य तथा मान्यताहरु

- ❖ नासाविकेले सहभागितात्मक एकीकृत कार्यक्रमलाई प्राथमिकता दिन्छ ।
- ❖ नासाविकेले लैङ्गिक, भाषिक, धार्मिक, जातीय, आर्थिक तथा शैक्षिक अवस्थाका आधारमा कुनै भेदभाव गर्दैन ।
- ❖ नासाविकेले समुदायलाई लाभ हुने कार्यक्रम संचालन गर्न प्राथमिकता दिन्छ ।
- ❖ नासाविके सामुदायिक विकासका क्रियाकलापहरुलाई संस्थागत गर्न प्राथमिकता दिन्छ ।
- ❖ नासाविके आफ्ना कार्यक्रम कार्यान्वयनको क्रममा सरोकारवालाहरुसँग समन्वयात्मक तथा साझेदारी पद्धतिलाई अंगीकार गर्दछ ।
- ❖ नासाविके आफ्ना कार्यक्रम कार्यान्वयनको क्रममा वातावरणीय तथा जैविक विविधता संरक्षण पक्षलाई आत्मसात गर्दछ ।
- ❖ नासाविके कार्यक्रम कार्यान्वयनको पक्षमा पारदर्शिता अपनाउँछ ।
- ❖ नासाविके प्रजातान्त्रिक मूल्य मान्यतालाई आत्मासाथ गर्दछ ।
- ❖ नासाविके स्थानीय स्रोत, साधन, प्रविधि र सीप परिचालन गरी दिगो विकासको अवधारणा अवलम्बन गर्दछ ।
- ❖ नासाविके आफ्ना सदस्य तथा कर्मचारीहरुको दक्षता र विशेषज्ञताको सदुपयोग र कदर गर्दछ ।
- ❖ नासाविके संस्थाको परिकल्पना, ध्येय तथा उद्देश्यलाई मूलमन्त्र मान्दछ ।
- ❖ नासाविके कार्यक्रमको दिगोपनाको लागि स्वावलम्बी र स्वयंमसेवी भावनालाई अंगालेर कार्यक्रम संचालन गर्दछ ।
- ❖ नासाविके संस्थाको हरेक कार्यमा महिला सहभागितालाई प्राथमिकता दिन्छ ।
- ❖ नासाविके कार्यक्रमबाट प्राप्त दक्षता र अनुभवहरलाई सामाजिक रुपमा पूँजीकृत गर्दछ ।
- ❖ नासाविके खुल्ला छलफल, सामूहिक निष्कर्ष र निर्णयहरुलाई मान्यता प्रदान गर्दछ ।

## १.४ संस्थागत संरचना




## १.५ सम्मान तथा पुरस्कार




यस संस्थालाई अघि बढाउने क्रममा नेतृत्वमा रहेर हाल सम्म स्व. मोहनकृष्ण ढकाल, श्री चिरञ्जीवि नेपाल, श्री छविलाल चापागाई, श्री गोपालप्रसाद रिजाल, श्री यामप्रसाद अधिकारी र श्री भूप्रसाद लिम्बु समेत गरी ६ जना व्यक्तित्वले यस संस्थाको अध्यक्षता सहितको अगुवाई गर्नुभएको छ । वहाँहरुको सफल नेतृत्वमा नेपाली समाज र समुदायको सकारात्मक परिवर्तनका लागि संस्थाले पु-याएको योगदानको कदरस्वरुप यस संस्थालाई राष्ट्रिय वातावरण पुरस्कार-२०००, अन्तर्राष्ट्रिय पर्वतीय विकास पुरस्कार-२००९, जलवायु अनुकूलन स्तरोन्नति प्रोत्साहन पुरस्कार-२०१६ र सर्वोत्कृष्ठ आयकरदाता सम्मान-२०७३, राप्ती गाउँपालिका दाङ्गले उत्कृष्ठ सेवाप्रवाह गर्ने गैह्सरकारी संस्था २०८०, इलाम नगरपालिका नगर सभाको १८ औं अधिवेशन मार्फत उत्कृष्ठ साझेदारी गैह्सरकारी संस्था २०८३ लगायत स्थानीय, क्षेत्रीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकाय, सरकार, संघसंस्था र समूहहरुबाट प्राप्त सयौंको संख्याका संस्थागत पुरस्कार, सम्मान, कदर तथा प्रशंसाहरु यस संस्थाको इतिहासमा महत्वपूर्ण उपलब्धिको प्रमाणको रुपमा रहेका छन ।

## १.५ कार्यकारिणी समिति तथा सदस्य

यस नामसालिङ सामुदायिक विकास केन्द्रको विधानमा उल्लेखित प्रावधान अनुसार केन्द्रसँग साधारण, आजीवन र मानार्थ सदस्यहरु रहने प्रावधान रहेको छ । २०८३ असार मसान्तसम्मको अभिलेख अनुसार संस्थाको कुल सदस्यता संख्या १२० जना रहेको छ । संस्थाको प्रचलित विधान बमोजिम नेतृत्व हस्तान्तरण र पुस्तान्तरणको क्रममा २०८१ साल कार्तिक ९ गते सम्पन्न यस केन्द्रको १६औ अधिबेशनबाट ३ वर्षका लागि निर्वाचित अध्यक्ष श्री भूप्रसाद लिम्बूको नेतृत्वमा रहेको १७औं कार्यकारिणी समिति संस्थाको नियमित उन्नति, प्रगति र स्वाबलम्बनको प्रयास सहित सामुदायिक विकासका लागि क्रियाशील रहेको छ । हाल १७ औ कार्यकारिणी समिति पदाधिकारीहरुको विवरण निम्नानुसार रहेको छ ।



### कार्यसमिति पदाधिकारीको विवरण

| सि.न | नामथर | पद |
|---|---|---|
| १ | श्री भूप्रसाद लिम्बु | अध्यक्ष |
| २ | श्री मिनादेवी ओझा | उपाध्यक्ष |
| ३ | श्री कमलप्रसाद नेपाल | सदस्य सचिव |
| ४ | श्री इन्दिरा घिमिरे | सहसचिव |
| ५ | श्री कमला प्रधान | कोषाध्यक्ष |
| ६ | श्री रमेशचन्द्र सुवेदी | सदस्य |
| ७ | श्री बमबहादुर सुवेदी | सदस्य |
| ८ | श्री ध्रुवकुमार प्रधान | सदस्य |
| ९ | श्री दिलबहादुर लम्जेल | सदस्य |
| १० | रिक्त | सदस्य |
| ११ | रिक्त | सदस्य |

## १.७ मुख्य कार्यालय तथा अन्य परियोजना कार्यालय

संस्था र संस्थाद्वारा संचालित कार्यक्रम तथा परियोजनाहरुलाई व्यवस्थित गर्न नासाविके मुख्य कार्यालयका अतिरिक्त नासाविके स्रोतकेन्द्र इलाम, परियोजना सम्पर्क कार्यालय पुरानोबानेश्वर काठमाण्डौ, परियोजना कार्यालय राप्तीगाउँपालिका दाङ्ग र परियोजना कार्यालय भीमेश्वर नगरपालिका चरिकोट दोलखा गरी ५ स्थानबाट आफ्नो सेवा प्रवाह गरिरहेको छ। भौगोलिक कार्यक्षेत्रानुसार प्रमुख सहित आवश्यकता र औचित्यताको आधारमा जनशक्ति व्यवस्थापन एवं परिचालन गर्दै आएको छ।

क) नामसालिङ सामुदायिक विकास केन्द्र
मुख्य कार्यालय, माईजोगमाई गाउँपालिका वडा न. इलाम
सम्पर्क न.९७४९२०८२८५

ख) नामसालिङ सामुदायिक विकास केन्द्र
स्रोतकेन्द्र कार्यालय, इलाम नगरपालिका वडा न.८, धोबिधारा इलाम
सम्पर्क न.९८५२६८०१७०

ग) नामसालिङ सामुदायिक विकास केन्द्र
परियोजना सम्पर्क कार्यालय, काठमाण्डौं महानगरपालिका वडा न.१० पुरानोबानेश्वर
सम्पर्क न.९८५२६२०४१२


घ) नामसालिङ सामुदायिक विकास केन्द्र
परियोजना कार्यालय, भिमेश्वर नगरपालिका वडा न. ३ चरिकोट दोलखा
सम्पर्क न. ९८५११६९७१८




ङ) नामसालिङ सामुदायिक विकास केन्द्र
परियोजना कार्यालय, राप्ती गाउँपालिका वडा न.३ देऊखुरी दाङ
सम्पर्क न.९८५७८५९६१६

## १.८ विधान तथा कार्यविधि

यस केन्द्रको सुसंचालन तथा व्यवस्थापनका लागि नासाविकेको विधान २०४४ (चौथो संशोधन २०७४) का अतिरिक्त आर्थिक, प्रशासनिक नियमावली र योजना तर्जुमा, परियोजना संचालन, व्यवस्थापन, अनुगमन मूल्यांकन, साझेदारी र समन्वय, सुशासन, लैङ्गिक तथा सामाजिक समावेशीकरण, भ्रष्टाचार निवारण, गुनासो सुनुवाई, संस्थागत स्रोत परिचालन आदिसँग सम्बन्धित २० वटा निर्देशिकाहरु तर्जुमा गरी निर्देशित कार्यविधिहरु अनुरुप कार्यसञ्चालन प्रणाली अवलम्बन गरिदै आएको छ ।




- ❖ नासाविके प्रशासनिक नियमावली (दोस्रो संशोधन २०८१)
- ❖ नासाविके आर्थिक नियमावली (सातौ संशोधन २०८१)
- ❖ नासाविके लेखा तथा प्रशासन व्यबस्थापन अधिकारपत्र २०८०
- ❖ नासाविके लैङ्गिक समानता तथा समाजिक समावेशीकरण नीति (दोस्रो संशोधन २०८१)
- ❖ नासाविके भ्रष्टाचार निवारण सम्बन्धी कार्यविधि २०८०
- ❖ स्वार्थपरक द्वन्द्व व्यबस्थापन सम्बन्धी कार्यविधि २०८०
- ❖ नासाविके कर्मचारी तथा पदाधिकारी अभिमुखीकरण र अवकाश पृष्ठपोषण कार्यविधि २०८१
- ❖ नासविके संस्थागत उपकरण तथा सवारीसाधन प्रयोग तथा परिचालन कार्यविधि २०८१
- ❖ नासाविके गुनासो तथा उजुरी संबोधन कार्यविधि २०८०
- ❖ माकातोमाकी नासाविके महिला छात्रबृत्ति संचालन निर्देशिका २०७८
- ❖ नासाविके सदस्यता सम्बन्धी निर्देशिका (पहिलो संशोधन २०६६)
- ❖ नासाविके पदाधिकारी तथा कर्मचारी आचारसंहिता (पहिलो संशोधन २०८१)


## १.९ सहयोगी दाता तथा साझेदारी

नामसालिङ सामुदायिक विकास केन्द्रले स्थानीय सीप पुँजी तथा प्रविधि परिचालन गर्दै समुदायको दिगो विकासलाई आफ्नो कार्यसंचालन गर्ने क्रममा विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहयोगी संस्था, नेपाल सरकारको विभिन्न निकायहरु, स्थानीय सरकार, समुदाय तथा सहयोगी दातामार्फत छोटो अवधिको र बहुबर्षे विभिन्न कार्यक्रम र परियोजनाहरु संचालन गर्दै आईरहेको छ । यस संस्थाले परियोजना संचालन गरेका प्रमुख विकास साझेदार निकायहरु निम्नानुसार छ ।

- ❖ The development Fund, Norway
- ❖ Practical Action, Nepal
- ❖ Winrock International
- ❖ Engineer without Boarders, USA
- ❖ NCDF, US/Canada
- ❖ AEPC (GON) Danida Energy Sector
- ❖ ICIMOD
- ❖ CFLI, Canada
- ❖ WWF, Nepal
- ❖ Rustic Pathways
- ❖ Global Water Patnership
- ❖ Prolinnova Nepal
- ❖ TCP Globel
- ❖ Makatomaki Foundation
- ❖ Rise & Hope Foundation
- ❖ Dhampus Foundation- Netherland
- ❖ FK – NOREC, Norway
- ❖ Kathmandu University

## १.१० आवद्धता

- जिल्ला प्रशासन कार्यालय, इलाम (दर्ता)
- समाज कल्याण परिषद, काठमाडौं (दर्ता)
- गैह्सरकारी महासंघ, इलाम
- Global Water Partnership
- Sustainable Development Partnership
- Community of DRR Practice Network



## १.११ दिगोपना

नामसालिङ सामुदायिक विकास केन्द्रले आफूले विभिन्न निकाय तथा सहयोगी संस्थाहरुको समन्वय र लगानीमा ग्रामीण सामुदायिक विकास कार्यक्रम संचालन गर्ने क्रममा नामसालिङमा सफल भएको अभ्यास इलाममा र इलाममा सफल भएको विकास अभ्यास नेपालका विभिन्न भौगोलिक क्षेत्रहरुमा क्रमश: फैलाउदै जाने कार्यनीति लिएको छ । यसका लागि यस केन्द्रको स्थापनाकाल देखि नै विशेष गरी एकीकृत सामुदायिक विकासका लागि स्थानीय राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर-सरकारी संघ-संस्था, विकास निकाय तथा व्यक्ति र सरोकारवालाहरुसँग साझेदारी विकास गर्न यस केन्द्रका संस्थापकज्यूहरु एवम् शुभचिन्तकहरुको भूमिका महत्वपूर्ण रह्यो । समय क्रममा संस्थाका पदाधिकारी, सदस्य तथा कर्मचारी र समग्र माईजोगमाई गाउँपालिकाबासीहरुको सदा-सर्वदा सकारात्मक सहयोग प्राप्त गर्दै यस केन्द्रले आफ्नो संस्थागत आकार ग्रहण गरेको ४२ वर्ष र औपचारिक संस्थागत जीवनको ३९ वर्ष अवधि पुरा गरिसकेको छ । यस संस्थाको निरन्तरता र उन्नयनमा देशभरका समाजसेवी, राजनीतिकर्मी, नागरिक अगुवा, जनप्रतिनिधि, राष्ट्रसेवकहरु, लाभान्वित लक्षितवर्ग लगायत बहुसरोकारवालाहरुको निरन्तर एबम् महत्वपूर्ण सहयोग र योगदान रहदै आएको छ । विगतमा संस्थाको उद्धेश्य अनुरुप स्वभाव मिल्ने परियोजना क्षेत्रभित्रका स्थानीय साझेदार एनजिओ, समुदायमा आधारित संस्था, सहकारी संस्था तथा उपभोक्ता समितिहरुको संस्थागत क्षमता विकास गर्दै सामुदायिक विकासका सेवाहरुलाई निरन्तरता दिदै आएको छ । संस्थाले आफ्ना असल सिकाई तथा अभ्यासहरुलाई अन्यत्र प्रसार र त्यसको व्यबस्थापनको लागि इलाम नगरपालिका वडा न. ८ धोविधारा स्थित आफ्नै भवनमा नासाविके सिकाई प्रसारको अवधारणा अनुरुप स्रोतकेन्द्र स्थापना गरी आफ्ना सामुदायिक विकासका कृयाकलापहरुलाई विधान र बिद्यमान कानूनको अधिनमा रही नेपालका विभिन्न क्षेत्रहरुमा फैल्याउदै सिकाई निरन्तरता दिएको छ ।



यस केन्द्रले आफ्ना संस्थागत गतिविधिहरुको संचालन, व्यावसायिक विस्तार र दिगोपनाका लागि निम्नानुसारका कार्यनीतिहरु अवलम्बन गर्दै आएको छ ।

(क) विगतका सफलताहरुको अनुशरण र विस्तार गर्ने ।
(ख) स्थानीय सरकार र विकास सम्बद्ध निकायहरुसँगको समन्वय, साझेदारी र सहमतिमा कार्यक्रम कार्यान्वयन गर्ने ।
(ग) कार्यक्रम कार्यान्वयनका लागि स्थानीय गैसस/समूहहरुको सशक्तिकरण सहित साझेदारी गर्ने ।

(घ) सामाजिक परिचालन र स्थानीय लागत सहभागितामा आधारित योजनाबद्ध विकास प्रक्रिया अवलम्बन गर्ने ।




(ङ) विविधतायुक्त मानव संशाधन विकास र संस्थागत क्षमता अभिवृद्धिलाई प्राथमिकता दिने ।
(च) लैङ्गिक समानता र बृहद सामाजिक समावेशीकरणलाई अनुशरण गर्ने ।
(छ) कार्यक्रमहरुको माध्यमबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा स्थापित दिगो विकास लक्ष्यहरुको स्थानीयकरण गर्ने ।
(ज) नेपाल सरकारका परिलक्षित विकासका लक्ष्य तथा उद्देश्यहरुको प्राप्तीका लागि साझेदारी गर्ने ।
(झ) संस्थाको कार्यक्षेत्र, स्थानीय आवश्यकता र संस्थागत उद्देश्य अनुकूल सिर्जनशील कार्यक्रमहरुको खोजी गरी कार्यान्वन गर्ने ।

## १.१२ संस्थाको कार्यक्षेत्र

नामसालिङ सामुदायिक विकास केन्द्रले मूलतः निम्नानुसारका ८ वटा विषयगत क्षेत्रभित्र रहेर आफ्नो बिधान, उद्धेश्य, स्थानीय प्राथमिकता, आवश्यकता तथा सरोकारवालाहरुको चासोको क्षेत्रभित्र रही मौजुदा कानून तथा राज्यको समेत प्राथमिकतामा परेका विकासका विभिन्न पक्षहरुमा संस्थागत र परियोजनागत कार्यक्रम संचालन गरिरहेको छ । नामसालिङ सामुदायिक विकासले हाल निम्न बिषय क्षेत्रमा  कार्यक्रम संचालन गरिरहेका छन् । नयाँ परियोजना तथा कार्यक्रमहरु तर्जुमा गरी साझेदारीका लागि प्रस्ताब गर्दा समेत उल्लिखित विषयगत क्षेत्रहरुमा आबद्ध गरी परियोजना प्रस्ताबहरु पेश गर्ने, सोही बमोजिम साझेदारी सम्झौता र कार्यान्वयन गर्ने प्रणाली अवलम्बन गरिदै आएको छ ।

- ❖ सामुदायिक स्वास्थ्य, खानेपानी र सरसफाई
- ❖ शिक्षा तथा सामाजिक विकास
- ❖ नवीकरणीय उर्जा
- ❖ वातावरण, जलवायु अनुकुलन तथा विपद् जोखिम न्यूनिकरण
- ❖ दिगो कृषि तथा पशुपालन
- ❖ उद्यम  तथा रोजगारी प्रवर्द्धन
- ❖ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण
- ❖ सुशासन तथा संस्थागत विकास

## १.१३ कार्यक्रम मार्फत भौगोलिक उपस्थिति क्षेत्र



# **परिच्छेद दुई**

नामसालिङ सामुदायिक विकास विकास केन्द्र NCDC इलामले आ.व. २०८२/०८३ को अवधिमा संचालित सामुदायिक विकास गतिविधिहरुको बारेमा सम्बन्धित साझेदार संघसंस्था र बहु सरोकारवालाहरुलाई सार-संक्षेपमा जानकारी दिने उद्देश्यले यो वार्षिक प्रगति प्रतिबेदन तयार पारिएको छ । कार्यक्रम तथा परियोजनागत **वार्षिक संख्यात्मक लक्ष्य तथा प्रगति विवरण यस प्रतिबेदनको अनुसुची भागको रुपमा पछाडि** समावेश गरिएको छ । यस भागमा संक्षिप्त परिचय निम्नानुसार प्रस्तुत गरिएको छ ।

## २.१ आ.व. २०८२/०८३ मा संचालित कार्यक्रम तथा परियोजना सारसंक्षेप

### कार्यक्रम: २. १.१ एकीकृत सामुदायिक विकास परियोजना (ICDP)

विकास कोष नर्वेको आर्थिक सहकार्यमा नामसालिङ सामुदायिक विकास केन्द्र (नासविके), इलाममार्फत दाङ जिल्लाको राप्ती गाँउपालिका तथा दोलखा जिल्लाको कालिञ्चोक गाउँपालिकामा एकीकृत सामुदायिक विकास परियोजना संचालन गरिएको थियो । परियोजनाका कृयाकलापहरुलाई सहज कार्यान्वयन तथा स्थानीय सामाजिक परिचालन मार्फत अपनत्व कायम गर्न स्थानीय साझेदार संस्था परिचालन गर्दै यी कृयाकलापहरु सम्पन्न भएका छ । दोलखा जिल्लामा कालिञ्चोक एकीकृत सामुदायिक विकास केन्द्र, दिपजङ्ग सानाकिसान सहकारी र आदिब बचत तथा ऋणसहकारी स्थानीय साझेदारका रुपमा रहेका छन् । त्यसैगरी दाङ्ग जिल्लको हकमा दक्षिण देऊखुरी अधिकार मञ्च तथा राप्ती कृषि सहकारी स्थानीय साझेदारको रुपमा रहेका छन् । यस बाहेक स्थानीय गाउँपालिकाको समेत लागत साझेदारी र समन्वय परियोजनाका तोकिएका कृयाकलापहरु संचालन हुदै आएका छन् । परियोजनाका मुख्य क्षेत्रहरु निम्ना रहेका थिए ।



- पोषण तथा हेरचाह अभ्यास
- दिगो कृषि, बीउ संरक्षण तथा पशुपालन
- जलवायु अनुकूलन क्षमता विकास तथा प्राकृतिक स्रोत व्यवस्थापन
- आयआर्जन तथा जीविकोपार्जन सहयोग
- लैंङ्गिक समता तथा सामाजिक समावेशीकरण
- संस्थागत सवलीकरण तथा सुशासन प्रवर्धन

| | |
|---|---|
| (क) मुख्य स्रोत साझेदार संस्थाः | विकास कोष नर्वे (The Development Fund-Norway) |
| (ख) वार्षिक बजेट रकम रु. | २,८७,८७,८०५/- |
| (ग) भौगोलिक कार्यक्षेत्र | दोलखा जिल्लाको राप्ती, गढवा र राजपुर गाउँपालिक<br>दाङ्ग जिल्लाको कालिञ्चोक गाउँपालिका |
| (घ) विषयगत लक्ष्य तथा उद्देश्य | • स्थानीय ग्रामीण समुदायको चौतर्फी विकास र समृद्धिका लागि सहभागितात्मक योजनाबद्ध एकीकृत सामुदायिक विकास अभ्यासको प्रबर्द्धन गर्ने । |
| (ङ) लक्षित वर्ग परिवार/जनसंख्या | २२७४ घरपरिवार |
| (च) आ.व.२०८३/०८४ को योजना | • आ.व.को मध्यसमय सम्म निरन्तरता रहने ।<br>• आगामी ३ वर्षका लागि नयाँ परियोजना प्रस्ताव पेश गरिने । |
| (छ) परिमाणात्मक प्रगतिः | अनुसूची एकमा समावेश गरिएको छ । |



## कार्यक्रम: २.२.२ दिगो सामुदायिक विकास परियोजना (SCDP)

EWB/CU,USA को सहयोगमा इलाम जिल्लाको माईजोगमाई गाउँपालिकामा संचालित यो परियोजना विशेष गरी खानेपानी तथा स्वास्थ्य सरसफाईसँग सम्बन्धित छ । माईजोगमाई वडा न. ४ याख्खा गाउँ अर्न्तगत हात्तिटार, दुविलटार, अमाङटार वस्तीमा यो कृयाकलापहरु केन्द्रित छ ।

### परियोजनका उद्देश्यहरु

- परियोजना क्षेत्रमा शुद्ध एवम् गुणस्तरीय सुलभ खानेपानीका लागि एकघर एकधारा निर्माण सहयोग गर्ने ।
- याक्खागाउँको ड्रोनसर्भे तथा भौगोलिक अध्ययन स्टेसन जडान गर्ने ।
- परियोजना क्षेत्रभित्र पर्ने स्थानीय खानेपानीका मुहानहरुको लगत संकलन गर्ने ।
- परियोजना क्षेत्रका संभावित खानेपानी योजनाहरुको विस्तृत सर्भेक्षण सम्पन्न गरी लगानी खोजी गर्ने ।
- खानेपानीको गुणस्तर परीक्षण गर्ने तथा सामुदायिक सरसफाईको अध्ययन अनुषन्धान गर्ने ।



(क) मुख्य स्रोत साझेदार संस्थाः ईन्जिनिर्यस वुइथ आउट बोर्डर (EWB /CU, USA)

(ख) वार्षिक बजेट रकम रु. १५,६१,०००/-

(ग) भौगोलिक कार्यक्षेत्र इलाम जिल्लाको माईजोगमाई गाउँपालिका

(घ) विषयगत लक्ष्य तथा उद्देश्य

- जनस्वास्थ्य, खानेपानी तथा सरसफाईको क्षेत्रमा आम जनचेतना अभिवृद्धि सहित एकघर एक धारा निर्माण तथा कार्यदक्षता स्तरोन्नति ।

(ङ) लक्षित वर्ग परिवार/जनसंख्या वार्षिक ८४ घरपरिवार

(च) आ.व.२०८३/०८४ को योजना

- सोही वडाका अन्य बस्तीमा नयाँ योजना पहिचान र कार्यान्वयन

(छ) परिमाणत्मक प्रगति अनुसूची तीनमा समावेश गरिएको छ ।



## कार्यक्रमः २.२.३. टिसिपि ग्लोबल सहकारी संस्थागत क्षमता विकास कार्यक्रम

नामसालिङ सामुदायिक विकास केन्द्रले टिसिपि ग्लोबल फण्डको सहयोगमा स्थानीय समुदायमा आधारित संस्था तथा सहकारीहरुको कोष बृद्धि तथा विपन्न समुदायलाई सुलभ ऋणमा पहुँच स्थापना गर्न यो कार्यक्रम संचालन गर्दै आईरहेको छ । टिसिपि मार्फत प्राप्त बिऊपुँजी रकम सहकारी सदस्यहरुलाई आयआर्जन व्यबसायका लागि न्यूनतम् व्याजमा सहकारी वा सम्बन्धित समुदायमा आधारित संस्थाले वितरण गर्दै आएको छ। दाङ जिल्लाको राप्ती कृषि सहकारी तथा दोलखा जिल्लाका आदिब वचत तथा ऋण सहकारी एवं दिपजंङ सानाकिसान सहकारीमा सदस्यहरु यस कार्यक्रमबाट प्रत्यक्ष लाभाविन्त छन् ।

**कार्यक्रमका उद्देश्यहरु**

- सहकारी तथा समुदायमा आधारित संस्थाको कोष बृद्धि गर्ने ।
- सहकारी सदस्यहरुको उद्यमशिलता बृद्धि मार्फत आयस्तर सुधार गर्ने ।
- समुदायमा आधारित संस्थाको संस्थागत सवलीकरण गर्ने ।



| | |
|---|---|
| (क) मुख्य स्रोत साझेदार संस्थाः | TCP ग्लोबल कोष |
| (ख) वार्षिक बजेट रकम रु. | २२,०७,०००/- |
| (ग) भौगोलिक कार्यक्षेत्र | दाङ जिल्लाको राप्ती तथा दोलखा जिल्लाको कालिञ्चोक गाउपालिका |
| (घ) विषयगत लक्ष्य तथा उद्देश्य | • समुदायमा आधारित कृषि सहकारी प्रवर्द्धन ।<br>• सहकारीको संस्थागत विकास तथा सवलीकरण<br>• बिऊ पूँजी प्रवर्द्धन तथा सहयोग<br>• स्थानीय सहकारीहरु मार्फत उद्यमशीलता प्रबर्द्धन । |
| (ङ) लक्षित वर्ग परिवार/जनसंख्या | • सहकारीमा आवद्ध ४५० घरपरिवार । |
| (च) आ.व.२०८३/०८४ को योजना | • उल्लेखित सहकारीहरुको दिगो कोष प्रवर्द्धन तथा व्यबसायिक क्षमता विकास |
| (छ) सम्पन्न कृयाकलाहरु | ✓ दाङ जिल्लाको राप्ती कृषि सहकारीको संस्थागत क्षमता विकासको क्षमता विकास तालिम सहजीकरण ।<br>✓ दोलखा जिल्लाको आदिब बचत तथा ऋृण सहकारीको संस्थागत क्षमता विकास तालिम सहजीकरण ।<br>✓ दोलखा जिल्लाको कालिञ्चोक गाउँपालिका वडा न. १ स्थित दिपजङ सानाकिसान सहकारीको व्यबसायिक योजना तयारी<br>✓ दाङ राप्ती कृषि सहकारीलाई कोषबृद्धि बिऊपुँजी वापत रु. ८,९१,०००।०० सहयोग ।<br>✓ दोलखा आदिव बचत ऋृणसहकारीलाई कोषबृद्धि तथा बिऊपुँजी वापत रु. ८,८१,०००.०० सहयोग<br>✓ दोलखा कालिञ्चोक स्थित दिपजङ सानाकिसान सहकारीलाई कोषबृद्धि तथा बिऊपुँजी वापत रु. ४,३४,०००।०० सहयोग |



## कार्यक्रम: २.२.४ माकोतामाकी-नासाविके सामुदायिक विद्यालय छात्रा छात्रवृत्ति कार्यक्रम

नामसालिङ सामुदायिक विकास केन्द्रको संयोजनमा जापानिज व्यबसायी तथा शिक्षाप्रेमी माकातोमाकी, कार्यक्रम क्षेत्रका सामुदायिक बिद्यालय, स्थानीय सरकार तथा अभिभावकहरु मार्फक संकलित आर्थिक स्रोतलाई अक्षयकोषमा रुपान्तर गरी यो माकातोमाकी नासाविके महिला छात्रबृत्ति कार्यक्रम संचालन गरिएको छ । कोषमा नामसालिङ सामुदायिक विकास केन्द्रले निरन्तर बार्षिक रुपमा रकम थप गरी कोष बिस्तारलाई निरन्तरता दिदै आएको छ । अक्षयकोषबाट प्राप्त व्याज रकमले परियोजना क्षेत्रका सामुदायिक विद्यालयमा अध्ययनरत गरिव तथा जहेन्दार छात्राहरुलाई बार्षिक रुपमा छात्रबृत्ति स्वरुप सहयोग गर्दै आईरहेको छ भने उच्च शिक्षा तथा व्यबसायिक सीपविकासका लागि पनि प्रोत्सहान गर्दै आएको छ । सामुदायिक बिद्यालयको शैक्षिक अवस्था सुधारका लागि शैक्षिक सामाग्री तथा आर्थिक साझेदारी समेत गर्दै आएको छ ।




**परियोजना /कार्यक्रमका उद्देश्यहरु**

- सामुदायिक बिद्यालयको शैक्षिक गुणस्तरमा सुधार गर्ने ।
- सामुदायिक बिद्यालयमा अध्ययनरत गरिब तथा जहेन्दार छात्राहरुलाई शैक्षिक प्रोत्साहन गर्ने ।
- परियोजना क्षेत्रबाट प्रतिनिधित्व गर्ने जेहन्दार छात्राहरुलाई व्यबसायिक शिक्षाका लागि प्रोत्साहन गर्ने ।
- सामुदायिक बिद्यालयह्रुमा शैक्षिक सामाग्री सहयोग तथा सहजीकरण गर्ने ।

| | |
|---|---|
| (क) मुख्य स्रोत साझेदार संस्थाः | आन्तरिक कोष/छात्रवृत्ति अक्षयकोष बैंक ब्याज |
| (ख) वार्षिक बजेट रकम रु. | ६,९०,०००/- |
| (ग) भौगोलिक कार्यक्षेत्र | इलाम जिल्लाका सूर्योदय न.पा. १ गोर्खे, सन्दकपुर गा.पा. वडा नं. ४ माबु र वडा नं ५ जमुना, माईजोगमाई गा.पा. वडा नं. १, २, ३, ४ र ५ का ४५ सामुदायिक विद्यालय। |
| (घ) विषयगत लक्ष्य तथा उद्देश्य | • गरीब, विपन्न, अल्पसंख्यक, दलित र जेहेन्दार छात्राहरुको शैक्षिक वृत्ति विकासका लागि प्रोत्साहन। |
| (ङ) लक्षित वर्ग परिवार/जनसंख्या | वार्षिक प्रत्यक्ष २६६ जना सामुदायिक बिद्यालयमा अध्ययनरत छात्रा |
| (च) आ.व.२०८३/०८४ को योजना | • मुद्धतिकोषबाट प्राप्त घट्दो ब्याज आम्दानीको कारण कार्यक्रमको मोडालिटी परिवर्तन सहित निरन्तरता रहने। |
| (छ) सम्पन्न कृयाकलापहरु | ✓ परियोजना क्षेत्रका २६६ जना छात्राहरुलाई शैक्षिक छात्रबृद्धि प्रदान।<br>✓ माईजोगमाई वडा न. ४ हात्तिटार आ.वि. का ४५ जना बिद्यार्थीहरुलाई बिद्यालय पोशाक सामाग्री सहित टाई, बेल्ट वितरण।<br>✓ कपुरी पाईला अर्न्तगत बिद्योदय आ.वि लाई रु २५,०००।०० आर्थिक सहयोग।<br>✓ प्राविधिक उच्च शिक्षा सिपविकास अर्न्तगत छात्रालाई शैक्षिक छात्रबृत्ति हस्तान्तरण (१जना) |



## कार्यक्रम: २.२.५ नेपालमा विद्युतीय चुल्होको दिगो बजार विकास परियोजना (SMDeN)

यो परियोजना EnDev को आर्थिक सहयोग र प्राक्टिकल एक्सन नेपालको व्यस्थापन र नामसालिङ सामुदायिक विकास केन्द्रको सहजीकरणमा संचालन गरिएको परियोजना हो । यो परियोजना कोशी प्रदेशका ५ वटा जिल्लाहरु सुनसरी, सङ्खुवासभा, धनकुटा, तेह्रथुम र इलाममा १४ महिनाको लागि संचालित परियोजना हो । यो परियोजना कार्यान्वयन स्थानीय सरकार, नेपाल बिद्युत प्राधिकरण तथा अन्य प्रत्यक्ष सरोकार राख्ने निकायहरुसँगको सहकार्य तथा समन्वयमा संचालन गरिएको थियो । कार्यक्रम अवधिभरमा यि जिल्लाका शहरोन्मुख ग्रामीण क्षेत्रमा बसोबास गरिरहेका बासिन्दाहरुलाई लक्षित गरिएको थियो । घरायसी स्तरमा खाना पकाउनका लागि दाउरा, गोवरको गुइठा तथा एल पि जि ग्यासँको प्रयोग गरिरहेका न्यूनतम ८२०० घरधुरीहरुमा बिद्यूतीय प्रविधिको इन्डक्न र इन्फ्रारेट चुलो प्रवर्द्धन लक्ष्य रहेको थियो ।




**परियोजनका उद्देश्यहरु**

- आयातित ऊर्जा र एलपिजि ग्याँसको खपतलाई न्यूनिकरण र प्रतिस्थापन गर्ने ।
- स्वदेशमा उत्पादन भएको ऊर्जाबाट खाना पकाउने बानीको विकास गर्ने ।
- स्वदेशमा उत्पादित बिद्यूतको  खपत बढाई समग्र व्यापारघाटा न्यूनिकरण गर्ने ।
- स्वच्छ लर सफा इन्धनको प्रयोग गरी घरभित्रको धुँवाबाट हुनसक्ने रोगहरुमा कमी ल्याउने ।
- जलवायु परिवर्तनको नकारात्मक असरहरुलाई कम गर्दै कार्वन उत्सर्जनमा न्यूनिकरण गर्ने ।

(क) मुख्य स्रोत साझेदार संस्थाः EnDev/Practical Action Nepal

(ख) वार्षिक बजेट रकम रु. २८,२१,०००/-

(ग) भौगोलिक कार्यक्षेत्र कोशी प्रदेश अन्तर्गत इलाम, सुनसरी, धनकुटा, तेह्रथुम र संखुवासभा गरी ५ जिल्ला।

(घ) विषयगत लक्ष्य तथा उद्देश्य

- खाना पकाउने ऊर्जाको रुपमा दिगो विद्युतीय ऊर्जाको इन्डक्सन प्रयोग प्रबर्द्धन ।
- आयातीय इन्धनको खपत न्यूनीकरण लागि आनीबानी परिवर्तन।
- नेपाल सरकारले प्रमाणिकरण गरेका प्रविधिहरुको दिगो बजार विकासमा योगदान।
- मिडियामार्फत सार्वजनिक प्रचारप्रसार
- जेसी मूलप्रवाहीकरण
- विपन्न घरपरिवारलाई बिद्यूत खपत यूनिटमा अनुदान
- इन्डक्सन चुलो मर्मत तालिम
- बिद्युतीय चुलो आपूर्तिकर्ताको क्षमता विकास

(ङ) लक्षित वर्ग परिवार/जनसंख्या ग्रामीण तथा शहरोन्मुख क्षेत्रका ८२०० घर परिवार।

(च) आ.व.२०८३/०८४ को योजना

- साझेदार दातृसंस्थासँगको सम्झौता अवधि समाप्त भै आगामी वर्षका लागि स्रोत साझेदार संस्थाहरुको खोजी भैरहेको।

(छ) संख्यात्मक लक्ष्य तथा प्रगतिः अनुसूची २ मा समावेश गरिएको छ।



## कार्यक्रम: १.१.६ हरित नमुना गाउँ तयारी एवं प्रवर्द्धन कार्यक्रम

यो परियोजना **NCDF – CANADA/USA** को आर्थिक सहयोगमा नामसालिङ सामुदायिक विकास केन्द्रले इलाम जिल्लाको माईजोगमाई गाउँपालिकाको वडा न. ४ नामसालिङमा संचालन गरिएको थियो । माईजोगमाई वडा न. ४ स्थित याख्खा गाउँको एकीकृत विकास गर्ने उद्धेश्यले यो परियोजना संचालन गरिएको छ । सहयोगी दाता NCDF Canada, USA, NCDC Ilam, स्थानीय माईजोगमाई गाउँपालिका, वडा कार्यालय र स्थानीय याख्का समुदायको संयुक्त प्रयासमा नमूना हरित गाउँ तयारीको लागि साझा प्रयत्न स्वरुप यो परियोजना संचालित छ ।




### परियोजनका उद्देश्यहरु

- माईजोगमाई ४ याख्खा गाउँलाई हरित नमूना गाउँको रुपमा प्रवर्द्धन गर्ने ।
- याख्खा गाउँको घरधुरीस्तरको विस्तृत स्वास्थ्य सर्भेक्षण गर्ने ।
- याख्खा गाउँको प्रविधिमा आधारित विस्तृत ड्रोन सर्भे गर्ने ।
- खानेपानी मुहानहरुको गुणस्तर परीक्षण गर्ने ।
- याख्खा संस्कृति प्रवर्द्धन गर्ने ।
- सामुदायिक बिद्यालयको शैक्षिण गुणस्तर सुधार गर्ने ।

| | |
|---|---|
| (क) मुख्य स्रोत साझेदार संस्थाः | नेपाल सामुदायिक विकास गुठी (NCDF- Canada/USA, Rotary Club of America) |
| (ख) वार्षिक बजेट रकम रु. | २५,७७,०००/- |
| (ग) भौगोलिक कार्यक्षेत्र | माईजोगमाई गाउँपालिका वडा नं. ४, याख्खागाउँ नामसालिङ्ग |
| (घ) विषयगत लक्ष्य तथा उद्देश्य | • सहभागितात्मक एकीकृत सामुदायिक विकास योजना तर्जुमा सहित समुदायिक छनोट र प्राथमिकतामा परेका योजनाहरुको नमूना कार्यान्वयनमा साझेदारी । |
| (ङ) लक्षित वर्ग परिवार/जनसंख्या | १८३ परिवार |
| (च) आ.व.२०८३/०८४ को योजना | • तयार भएको हरित नमूनागाउँ सहभागितात्मक योजनामा उल्लेख भएका नमुना योजना कार्यान्वयनको प्रारम्भ तथा स्रोत खोजी । |
| (छ) परिमाणात्मक प्रगति | अनुसूची चारमा प्रस्तुत गरिएको छ । |



## कार्यक्रमः २.२.७ आवासीय सामुदायिक विद्यालय संचालन तथा व्यवस्थापन साझेदारी

यो परियोजना कपुरी पाईला, नासाविके र माईजोगमाई गाउँपालिका, सान्भी इनर्जी प्रालि सहित सहयोगी निजी क्षेत्रको संयुक्त प्रयासमा इलाम जिल्लाको माईजोगमाई गाउँपालिका वडा न. ३ स्थित माङ्चोकमा संचालित छ । माङ्चोक स्थित बिद्योदय आधारभूत बिद्यालयलाई आवासीय स्वरुपमा संचालन गर्दै गुणस्तरीय शैक्षिक पूर्वाधार तयार गर्ने लक्ष्य लिएको छ । सामुदायिक शिक्षाप्रति समुदायको जागरण पैदा गर्दै शिक्षाबाट बञ्चित विपन्न बर्गलाई स्थानीय स्तरमानै गुणस्तरीय सर्वसुलभ शिक्षाका लागि आवास




प्रवन्ध, खाना प्रवन्ध, शिक्षक दरबन्दी थप र बिद्यालयमा पूर्वाधार निर्माण गर्ने कृयाकलापहरु यस परियोजना अन्तंगत पर्दछन् ।

### परियोजना कार्यक्रमका उद्देश्यहरु

- माईजोगमाई वडा न ३ माङ्चोक स्थित बिद्योदय आविको शैक्षिक गुणस्तर गर्ने
- बिद्यालयमा बालमैत्री भौतिक पूर्वाधार विस्तार गर्ने ।
- गुणस्तरीय शिक्षाको लागि प्रविधिमैत्री पद्धति विस्तार गर्ने ।
- विपन्न तथा गरिव बिद्यार्थीहरुको लागि आवासीय शिक्षाको प्रवन्ध गर्ने ।
- बिद्यार्थी अनुपातमा शिक्षक दरबन्दीको प्रवन्ध गर्ने ।

(क) मुख्य स्रोत साझेदार संस्थाः कपुरी पाइला, माकातोमाकी छात्रबृत्ति कोष

(ख) वार्षिक बजेट रकम रु. १,५०,०००/-

(ग) भौगोलिक कार्यक्षेत्र इलाम जिल्ला माईजोगमाई गाउँपालिका वडा नं. ३, माङ्चोक

(घ) विषयगत लक्ष्य तथा उद्देश्य

- विद्यालय शिक्षाबाट बञ्चित वालवालिकाहरुका लागि आवासीय सुविधा सहितको गुणस्तरीय शिक्षाको अवसर सिर्जना गर्ने

(ङ) लक्षित वर्ग परिवार/जनसंख्या १५० घरपरिवार

(च) आ.व.२०८३/०८४ को योजना

- साझेदारीको क्षेत्र विस्तार, पूर्वाधार निर्माण सहित व्यवस्थापनका लागि थप सहजीकरण

(छ) सम्पन्न कृयाकलापहरु

- ✓ माईजोगमाई वडा न. ३ स्थित बिद्योदय आधारभूत बिद्यालयलाई शैक्षिक गुणस्तर सुधारको लागि २५ हजार आर्थिक सहयोग हस्तान्तरण ।
- ✓ बिद्योदय आधारभूत बिद्यालयमा आवासीय प्रयोजनका लागि २५ हजार बराबरको खाद्यन्न सहयोग ।
- ✓ बिद्योदय आधारभूत बिद्यालयको संस्थागत क्षमता विकासको लागि आधारभूत तालिम सहजीकरण ।
- ✓ बिद्योदय आधारभूत बिद्यालयमा कपुरी पाइलासँगको समन्वयमा श्रब्यदृश्य उपकरण सहयोग ।



## कार्यक्रमः २.२.८ स्थानीय तह सुशासन प्रबर्द्धन

नामसालिङ सामुदायिक विकास केन्द्रले विभिन्न स्थानीय सरकारको साझेदारी तथा सहयोगमा संस्थागत सुशासन प्रवर्द्धनका विभिन्न कार्यक्रमहरु संचालन गर्दै आएको छ । विशेष गरी संस्थामा कार्यरत जनशक्ति मार्फत स्थानीय तहको सुशासन प्रवर्द्धनका र सामाजिक उत्तरदायित्वका कृयाकलापहरु सेवा प्रदायकको रुपमा गर्दै आएको छ । विशेष गरी गाउँपालिकाहरुको सामाजिक परीक्षण, स्थानीय स्वास्थ्य सेवाहरुको सेवा प्रदायकहरुको सामाजिक उत्तरदायित्व बृद्धिका लागि यस किसिमको कृयाकलापहरु संचालन गर्दै आएको छ ।

**कार्यक्रमका उद्देश्यहरु**

- स्थानीय तह तथा सेवा प्रदायकहरुको सामाजिक उत्तरदायित्व अभिबृद्धि गर्ने ।
- स्थानीय स्वास्थ्य संस्थाहरुको सामाजिक परीक्षण गर्ने ।
- सेवाप्रदायकहरु मार्फत गरिएका कृयाकलाहरुको सामाजिक प्रभाव अभिलेखीकरण गर्ने ।

(क) मुख्य स्रोत साझेदार संस्थाः इलाम जिल्लाका स्थानीय सरकारहरु

(ख) वार्षिक बजेट रकम रु. ९८,०००/-

(ग) भौगोलिक कार्यक्षेत्र इलाम नगरपालिको सन्दकपुर गाउँपालिका, इलाम

(घ) विषयगत लक्ष्य तथा उद्देश्य
- स्थानीय स्वाथ्य केन्द्रहरुको बार्षिक सामाजिक परीक्षण
- तथ्यांक तथा योजनामा आधारित विकास प्रणालीको प्रबर्द्धन ।
- स्थानीय तहको समग्र सुशासन प्रबर्द्धनका लागि उत्तरदायित्वका विधि तथा प्रक्रियाहरुको सहजीकरण ।

(ङ) लक्षित वर्ग परिवार/जनसंख्या १२०० घरपरिवार ।

(च) आ.व.२०८३/०८४ को योजना
- स्थानीय तहहरुको स्रोत साझेदारीका आधारमा निरन्तरता ।

(छ) सम्पन्न कृयाकलापहरु
- ✓ इलाम जिल्ला सन्दकपुर गाउँपालिका भित्रका स्वास्थ्य संस्थाहरुको सामाजिक परीक्षण सम्पन्न गरिएको छ ।
- ✓ स्थानीय स्वास्थ्य संस्था मार्फत पुऱ्याएको सेवाप्रति नागरिक सन्तुष्टि मापन तथा प्रतिवेदन तयार गरिएको छ ।
- ✓ स्थानीय स्वास्थ्य संस्थाहरुको संस्थागत क्षमता विकास कार्यशाला सम्पन्न गरी दस्तावेजीकरण गरिएको छ ।

## कार्यक्रम: २.२.९. स्थानीय तह साझेदारी

नामसालिङ सामुदायिक विकास केन्द्रमा मौजुदा जनशक्ति र संस्थाले विगतमा गरेको अभ्यास र बिषयगत बिज्ञताको आधारमा वातावरण, जैविक विविधता, जलवायु अनुकुलन र विपद् व्यबस्थापन जस्ता क्षेत्रहरुमा स्थानीय सरकारसँग लागत साझेदारीमा कृयाकलापहरु संचालन गर्दै आएको छ । इलाम नगरपालिकाले आफ्नो स्वीकृत बार्षिक योजना अनुसार यस आ.व.मा यस नामसालिङ सामुदायिक विकास केन्द्रले इलाम नगरपालिको हरितनगर रणनीतिक योजना २०१२-२०१६ लाई समीक्षा तथा पुनरावलोकन गरिएको थियो । त्यसैगरी इलाम नगरपालिकाका ३ वटा वडाहरु वडा न १, ३ र १२ लाई वातावरणमैत्री स्थानीय शासन प्रवर्द्धन गर्न कार्यक्रम संचालन गरिएको छ । इलाम नगरपालिकका ६ वटा वडाहरुलाई प्राङ्गारिक खेतीयुक्त वडा तयारीको लागि विस्तृत परियोजना तयारीको कार्य सम्पन्न गरेको छ। आगामी बर्षहरुमा पनि संस्थाले यस प्रकारको साझेदारी कार्यक्रमलाई विस्तार गर्ने रणनीति लिएको छ।




### कार्यक्रमका उद्देश्यहरु

- स्थानीय तहको साझेदारीमा वातावरण प्रवर्द्धनात्मक कृयाकलापहरु संचालन गर्ने ।
- इलाम नगरपालिकालाई वातावरणमैत्री नगरको रुपमा तयार गर्ने ।
- इलाम नगरपालिकाका ६ वडालाई प्राङ्गारिक कृषि उत्पादन क्षेत्रका रुपमा विकास गर्ने ।
- इलाम नगरपालिकाको हरितनगर रणनीतिक योजना अद्यावधिक तथा समीक्षा गर्ने ।

(क) मुख्य स्रोत साझेदार संस्थाः इलाम नगरपालिका

(ख) वार्षिक बजेट रकम रु. ८,००,०००/-

(ग) भौगोलिक कार्यक्षेत्र इलाम नगरपालिका तथा यस अर्न्तगतका वडा कार्यालयहरु

(घ) विषयगत लक्ष्य तथा उद्देश्य

- वातावरणमैत्री स्थानीय तह घोषणा तयारी
- बिपद् तथा जलवायु परिवर्तन अनुकुलन कार्यक्रम ।
- अर्गानिक कृषि उत्पादन नगरपालिका प्रवर्द्धन ।
- हरितनगर रणनीतिक योजना पुनरावलोकन तथा समीक्षा

(ङ) लक्षित वर्ग परिवार/जनसंख्या १५००० घरपरिवार ।

(च) आ.व.२०८३/०८४ को योजना

- स्थानीय तहहरुको स्रोत साझेदारीका आधारमा निरन्तरता ।

(छ) सम्पन्न कृयाकलापहरु

- ✓ इलाम नगरपालिका वडा न. १, ३ र १२ लाई वातावरणमैत्री वडा घोषणा सम्पन्न भएको छ ।
- ✓ इलाम नगरपालिका वडा न. १ देखि ६ लाई प्राङ्गारिक कृषि उत्पादनको क्षेत्रमा परिणत गर्न विस्तृत परियोजना प्रस्ताव तयार गरिएको छ ।
- ✓ इलाम नगरपालिकाका विभिन्न वडाहरुमा जलवायु परिवर्तन र यसका असर सम्बन्धी सचेतना कार्यक्रम संचालन गरिएको छ ।
- ✓ इलाम नगरपालिकाको हरितनगर रणनीतिक योजना २०१२-२०१६ समीक्षा सम्पन्न भएको छ ।
- ✓ इलाम नगरपालिकाको हरितनगर रणनीतिक योजना २०८३ तर्जुमा गरिएको छ ।



### कार्यक्रम: २.२.१० सामुदायिक शिक्षा सहयोग कार्यक्रम

नामसालिङ सामुदायिक विकास केन्द्रको समन्वयमा RISE & Hope Foundation USA को सहयोगमा संचालन भएको यो कार्यक्रम मूलत: स्वयंसेवी यूवा नेपाली बिद्यार्थीहरुले प्रवासमा संकलित रकमबाट संचालन हुदै आएको छ । ग्रामीण क्षेत्रका सामुदायिक विद्यालयहरुमा प्रविधिमैत्री शिक्षण सिकाई प्रवर्द्धन गर्दै बिद्यार्थीहरुलाई स्वच्छ र पोषणमैत्री अभ्यास प्रवर्द्धन गर्ने यसको लक्ष्य रहेको छ । इलाम जिल्लाको माईजोगमाई गाउँपालिका वडा न. ३ को बिद्योदय आधारभूत




आवासीय बिद्यालय तथा वडा न. ४ को हात्तिटार आधारभूत बिद्यालयमा यो कार्यक्रम संचालन भएको हो । बार्षिक रुपमा यूएसए मा अध्ययनरत नेपाली बिद्यार्थीहरुले उपलब्ध गराएको नगद तथा जिन्सी सामाग्री मार्फत यो सहयोग पुऱ्याइएको हो ।

**कार्यक्रमका उद्देश्यहरु**

- प्रविधिमैत्री डिजिटल शिक्षा प्रवर्द्धन गर्ने ।
- बिद्यालयमा स्वच्छ खानेपानी प्रवर्द्धन गर्ने ।
- आवासीय बिद्यालयमा पोषण स्वास्थ्य सुधार गर्ने ।

(क) मुख्य स्रोत साझेदार संस्था: Rise & Hope- USA

(ख) वार्षिक बजेट रकम रु. ३,००,०००/-

(ग) भौगोलिक कार्यक्षेत्र इलाम जिल्ला माईजोगमाई गाउँपालिका वडा न. ३ र ४ इलाम ।

(घ) विषयगत लक्ष्य तथा उद्देश्य
- प्रविधिमैत्री शिक्षा प्रवर्द्धन तथा पोषण सुधार

(ङ) लक्षित वर्ग परिवार/जनसंख्या — माईजोगमाई गाउँपालिकाका वडा न. ३ र ४ का तोकिएका सामुदायिक बिद्यालयका १५० जना बिद्यार्थी तथा शिक्षक

(च) आ.व.२०८३/०८४ को योजना
- थप स्रोत खोजी गरी निरन्तरता दिईने ।

(छ) सम्पन्न कृयाकलापहरु
- ✓ हात्तिटार आधारभूत बिद्यालय तथा बिद्योदय आवसीय बिद्यालयमा प्रविधि मैत्री शिक्षा प्रवर्द्धनको लागि स्मार्ट टिभि हस्तान्तरण
- ✓ सुरक्षित खानेपानी प्रयोगको लागि बिद्यालयमा पानी शुद्धिकरण सामाग्री हस्तान्तरण
- ✓ बिद्यालयमा आपूर्ति हुने खानेपानीको गुणस्तर परीक्षण
- ✓ बिद्योदय आवसीय आधारभूत बिद्यालयमा खाद्यसामाग्री वितरण
- ✓ हात्तिटार आ.वि तथा बिद्योदय आ.वि मा अतिरित्त कृयाकलाप सहजताका लागि श्रव्यदृश्य सामाग्री हस्तान्तरण



### कार्यक्रम: २.२.११ सामुदायिक स्वास्थ्य तथा सचेतना शिविर

नामसालिङ सामुदायिक विकास केन्द्रले आफ्नो स्थापना देखिनै सामुदायिक स्वास्थ्य सुधारमा विभिन्न कार्यक्रम तथा परियोजनाहरु संचालन गर्दै विशेषज्ञता हासिल गरिसकेको छ । लामो तथा छोटो अवधिका परियोजना तथा कार्यक्रमहरुले आफ्ना सेवाग्राहीका विभिन्न स्वाथ्य समस्या निराकरण तथा नामसालिङमा स्वास्थ्य पूर्वाधार विकासमा निरन्तर कृयाशिल रहदै आएकोछ । यसै क्रममा बार्षिक रुपमा नामसालिङ सामुदायिक विकास केन्द्र माईजोगमाईमा विभिन्न स्वास्थ्य विशेष शिविरहरु संचालन तथा साझेदारी गर्दै आईरहेको छ । यसै क्रममा स्वास्थ्य तथ विकास समाज नेपाल Dhampus Foundation- Netherland को सहयोगमा संचालित २ दिने निशुल्क दन्त उपचार सेवा माईजोगमाई वडा न. ४ नेपालज्योतिमा आयोजना गरिएको थियो । दन्त परीक्षण तथा सामान्य दन्त शल्यक्रिया सेवा मार्फत १६० जनाले सेवा लिनुभएको थियो ।

| | |
|---|---|
| (क) मुख्य स्रोत साझेदार संस्थाः | स्वास्थ्य तथा विकास समाज नेपाल (HDSN)/Dhampus Foundation- Netherland |
| (ख) वार्षिक बजेट रकम रु. | ३,००,०००/- |
| (ग) भौगोलिक कार्यक्षेत्र | इलाम जिल्ला माईजोगमाई गाउँपालिका इलाम । |
| (घ) विषयगत लक्ष्य तथा उद्देश्य | • सामुदायिक स्वास्थ्य परीक्षण, उपचार तथा सचेतना अभिवृद्धि |
| (ङ) लक्षित वर्ग परिवार/जनसंख्या | १६० जना |
| (च) आ.व.२०८३/०८४ को योजना | • निरन्तरता एवं फलोअप सेवा रहने । |
| (छ) सम्पन्न कृयाकलापहरु | ✓ निशुल्क दन्त परीक्षण<br>✓ मुख उपचार सेवा<br>✓ सामान्य शल्यक्रिया<br>✓ स्वास्थ्य सेवा परामर्श सेवा |



## कार्यक्रम: २.२.१२ संस्थागत विकास तथा आन्तरिक सुशासन प्रबर्द्धन

नामसालिङ सामुदायिक विकास केन्द्र NCDC ले संस्थाको मुख्य कार्यालय माईजोगमाई तथा स्रोतकेन्द्र कार्यालय इलाम नगरपालिका मार्फत आफ्ना संस्थागत नियमित गतिविधिहरु संचालन गर्दै आईरहेको छ । संस्थागत कोष मार्फत संचालन हुने यी नियमित गतिबिधिहरुले संस्थाको कृयाशिलता, संस्थागत सवलीकरण एवं आकष्मिक सहयोगका कृयाकलापहरु पर्दछन् । आ.व. २०८२/०८३ मा संस्थाले संस्थागत गतिबिधिहरुलाई नियमिता गरेको थियो ।



**कार्यक्रमका उद्देश्यहरु**

- संस्थागत क्षमता विकास गर्ने
- संस्थागत कृयाकलापहरुको प्रचारप्रसार
- साझेदारी तथा समन्वय विकास
- आपतकालिन सहयोग
- संस्थागत पूर्वाधार मर्मत तथा संरक्षण
- अनुगमन तथा मूल्याङ्कन

| | |
|---|---|
| (क) मुख्य स्रोत साझेदार संस्था: | संस्थागत आन्तरिक कोष/स्रोत परिचालन |
| (ख) वार्षिक बजेट रकम रु. | ५,००,०००/- |
| (ग) भौगोलिक कार्यक्षेत्र | इलाम नगरपालिका र माईजोगमाई गाउँपालिका इलाम |
| (घ) विषयगत लक्ष्य तथा उद्देश्य | • संस्थागत क्षमता विकास<br>• साझेदारी तथा समन्वय<br>• आपतकालिन सहयोग |
| (ङ) लक्षित वर्ग परिवार/जनसंख्या | ५०० परिवार । |
| (च) आ.व.२०८३/०८४ को योजना | • नियमित हुने । |

(छ) सम्पन्न कृयाकलापहरु

- ✓ नासाविकेको मुख्य कार्यालय मर्मत तथा बाटो सोलिङ
- ✓ संस्थाको गतिविधि समावेश भित्तेपात्रो प्रकासन
- ✓ स्वास्थ्य शिविर आयोजना तथा समन्वय
- ✓ सरोकारवाला तथा दातासँगको समन्वय बैठक
- ✓ बाढी पहिरो र विपद्मा परेको घटनामा आर्थिक सहयोग
- ✓ स्रोतकेन्द्र भवन मर्मत तथा पूर्वाधार थप
- ✓ बृक्षारोपण तथा कार्यालय सौन्दर्यीकरण
- ✓ बिद्यालय हिरक जयन्ती कोष बृद्धि सहयोग
- ✓ संस्थाको बार्षिक सामाजिक परीक्षण
- ✓ नासाविकेका निर्देशिका, कार्यविधि अभिमुखीकरण
- ✓ सहयोगी संस्थालाई आर्थिक तथा प्राविधिक साझेदारी
- ✓ संस्थाको गतिबिधि समावेश श्रव्यदृश्य सामाग्री तयारी प्रसारण
- ✓ कर्मचारी कार्यसम्पादन मूल्याङ्कन
- ✓ संस्थाको बार्षिक लेखा परीक्षण
- ✓ विभिन्न दातासमक्ष नयाँ परियोजना प्रस्ताबहरु पेश
- ✓ नियामक निकाय, समाजकल्याण परिषद तथा सरोकारवालाहरु मार्फत कार्यक्रम अनुगमन



## तरकारी खेतीले दिएको दिएको सन्तुष्टी

दाङको राप्ती गाउँपालिका ८ विजौरीटोल बस्ने लक्ष्मी चौधरीले व्यवसायिक टनेल तरकारी खेती गरेर दैनिक जीविका चलाउँदै आएकी छिन् । बिजौरीमा रहेको सागरमाथा समुहका सदस्य लक्ष्मी चौधरी एक मेहनती महिला हुन् । उनको परिवारमा उनी सहित २ जना छोराछोरी र बृद्ध सासु हुनुहुन्छ । सामान्य लेखपढ गर्न मात्र जान्ने लक्ष्मी विहान उठेदेखि घरको काम र तरकारी खेतीमै व्यस्त हुने गर्छिन् । परिवारको नाममा उपलब्ध थोरै जमिनमा उनलाई तरकारी खेति गर्ने ईच्छा थियो तर लगानी र प्राविधिक ज्ञान थिएन । त्यसैकारण उनी कृषि समूहमा आवद्ध भएपछि केही प्राविधिक जानकारी सहित सहयोग पाईन्छ कि भनेर सगरमाथा समूहमा आवद्ध भएको बताउछिन् । उनी भन्छिन् “हामी पहिले देखि परम्परागत रुपमा सामान्य घरायसी प्रयोगको लागि तरकारी खेती गर्दै आएका थियौँ । त्यसबाट खासै आम्दानी पनि भएको थिएन । छोराछोरीको बिद्यालयको खर्च धान्न अर्को चुनौती थियो । थोरै पैसा चाहियो भने साहु महाजनसँग ऋण लिनुपर्ने हुन्थ्यो । खुल्ला अकासमुनी तरकारी गर्दा सोचे अनुरुप उत्पादन हुदैनथ्यो । बर्खामा रोगकिरा र हिउँदमा शितलहर चल्नथालेपछि सवै लगानी खेर जान्थ्यो । नामसालिङ सामुदायिक विकास केन्द्र मार्फत गठन गरिएको सगरमाथा कृषक समूहमा समावेश भएपछि मैले तरकारी खेती, घरबगैचा, रोगकिरा नियन्त्रण बारे तालिम पाए र बिऊ बिजन अनि टनेल पनि पाएँ” ।



एक्लै घरव्यवहार धान्दै आएकी लक्ष्मीले व्यवसायिक रुपमा प्लाष्टिक टनेल भित्र तरकारी खेती गर्न थाले देखि परिवारिक खर्च टाल्न, छोराछोरीहरुलाइ शिक्षादिक्षा दिन र परिवारिक स्वास्थ्य औषधिउपचार गराउन सजिलो भएको बताउछिन् । उनी आफ्नो कृषि अनुभव सुनाउदै भन्छिन “तरकारीखेतीले घरको पोषणअवस्था त सुधार हुनेनै भयो आर्थिक गर्जो पनि टारिदियो” । उनी नामसालिङ सामुदायिक विकास केन्द्रले संचालन गर्दै आएको एकीकृत सामुदायिक विकास परियोजनाबाट कृषिसँग सम्बन्धित तालिम र तरकारीखेती उपकरण सहयोग लिएपछि विगत ३ ४ बर्षदेखि व्यवसायिक रुपमै टनेलभित्र बेमौसमी तरकारी खेती गर्दै आएकी छिन् । अहिले यो पेशा उनको जीविकोपार्जन गर्ने प्रमुख आधार बनेको छ । उनी भन्छिन् “पहिले दुइ बाली मात्रै उत्पादन हुन्थ्यो अहिले म टनेलमा वार्षिक तीनबाली लगाउने गर्छु” । लक्ष्मी हाल तरकारी मात्र होइन त्यसको वेर्ना समेत उत्पादन गरेर विक्री गर्ने गर्दछिन् । उनी औषतमा बार्षिक रु.१२०,००० आम्दानी हुने गरेको बताउछिन् । “बेमौसमी तरकारी खेती गर्दा बेच्न पनि जान पर्दैन व्यापारी घरमै किन्न आउछन्, जसले गर्दा मलाइ तरकारी विक्री गर्न सजिलो भएको छ” । तरकारी खेतीले आम्दानी हुन थालेपछि घरको नजिकको थप २ कट्ठा जग्गा भडामा लिएर तरकारी खेतीलाइ विस्तार गरेकी छिन् । यसरी व्यवसायिक रुपमा गरेको टनेल तरकारी खेतीबाट भएको आम्दानीले मलाइ समान्य भन्सा खर्च जुटाउन, छोराहरुको शिक्षा खर्च जुटाउन, आफ्नो औषधी उपचार गराउन सहयोग पुगेको बताउछिन् लक्ष्मी चौधरी ।

लक्ष्मीको यो प्रयास र सफलता देखेर बिजौरीका अरुले पनि बेमौसमी तरकारी खेती गर्न थालेको छन् । घरनजिकैको कोपीबारीमा झार गोड्दै हँसिलो मुद्रामा लक्ष्मी बताउछिन् “म समुह र समुदायको लागि प्रेरणाको स्रोत बनेकी छु । जुन कुराले मलाई गर्व महसुश हुन्छ । यसरी मलाई प्लाष्कि टनेल सहयोग गर्ने, निरन्तर प्राविधिक सहयोग गर्ने, विभिन्न कृषि तालिमको अवसर प्रदान गरेर स्वरोजगार सृजना गर्न बाटो देखाउने र आत्मनिर्भर हुन सहयोग गर्ने नामसालिङ सामुदायिक विकास केन्द्र संस्थालाइ धन्यवाद दिन्छु” ।

## अनुसूची १: परिमाणात्मक प्रगति

### एकीकृत सामुदायिक विकास परियोजना (ICDP)

आर्थिक सहयोग: Devlopment Fund, Norway

| कृयाकलाप | यूनिट | उपलब्धी | कैफियत |
|---|---|---|---|
| पोषण र हेरचाह अभ्यास सुधार गर्न संयुक्त पहलको लागि स्थानीय स्वास्थ्यकर्मीहरू र अन्य स्वास्थ्य सम्बन्धित सरोकारवालाहरूसँग बैठक | संख्या | २ | दाङ तथा दोलखा |
| पोषण सचेतना तालिम | तालिम | २ | |
| विविध पौष्टिक स्थानीय खाद्य पदार्थ छनौट र स्वस्थ खाना पकाउने नमूना विधि प्रदर्शन | संख्या | १ | |
| पोषण प्रवर्द्धनका दुतको रुपमा स्थानीय नेता र धार्मिक नेताहरूलाई क्षमता विकास तालिम | तालिम | २ | |
| उन्नत बीउबिजन सहयोग (धान, मकै, गहुँ, कोदो, आलु) | घरधुरी | ४०० | |
| घरबगैंचा तालिम | तालिम | ४ | |
| घरबगैंचा सहयोग (फलफूल बिरुवा) | घरधुरी | १५० | |
| तरकारी बीउबीजन | समूह | ५३ | |
| सुरक्षित बाली भण्डारण प्रविधि तालिम | पटक | २ | |
| सुरक्षित बाली भण्डारण सामाग्री सहयोग | जना | २५ | |
| क्लाइमेट स्मार्ट कृषि तालिम | तालिम | १ | |
| जलवायु असर खप्नसक्ने बीउबिजन वा सामाग्री सहयोग | घरधुरी | ५० | |
| क्लाइमेट स्मार्ट कृषि प्रविधि सहयोग (टनेल, गोठ, कम्पोस्टिङ) | घरधुरी | १५ | |
| पशुपालन तालिम | तालिम | २ | |
| व्यवसायिक कृषकहरुको लागि मिल, हलर सहयोग | संख्या | २ | |
| मिनि टिलर अनुदान सहयोग | संख्या | ४ | |
| पावर टिलर अनुदान सहयोग | संख्या | २ | |
| पशुगोठ सहयोग अनुदान | घरधुरी | ३० | |
| समुहलाई पशुपालन घुम्तीकोष | समूह | ५ | |

| कृयाकलाप | यूनिट | उपलब्धी | कैफियत |
| --- | --- | --- | --- |
| सहकारीलाई पशुपालन घुम्तीकोष सहयोग | सहकारी | २ | दाङ तथा दोलखा |
| जलवायु अनुकूलित गाँउ योजनाको आवधिक पुनरावलोकन | संख्या | ३ | |
| जलवायु अनुकूलित गाँउ योजना अभिमूखीकरण तथा हस्तान्तरण | गोष्ठी | ५ | |
| सामुदायिकस्तरमा सहभागितात्मक भूमि संवेदनशीलता नक्सांकन तथा मुल्यांकन | संख्या | २ | |
| माटो संरक्षण, भूक्षय नियन्त्रण, जल निकासी व्यवस्थापन, बाढी नियन्त्रण, कृषि वन आदिको लागि कार्यान्वयन सहयोग | संख्या | २ | |
| सामुदायिक स्तरको भूमि र जलाधार व्यवस्थापन तालिम | संख्या | २ | |
| घरधुरीमा सुधारिएको चुलो निर्माण | घरधुरी | ८० | |
| ऋण तथा पूँजी निर्माण र सहकारीको संस्थागत क्षमता अभिवृद्धि तालिम | संख्या | २ | |
| समुदायस्तरका संस्था स्थापना र परिचालन सुदृढीकरण र संस्थागत समर्थन र प्रशिक्षण | समूह | १५ | |
| समुदायस्तरका संस्थाहरुलाई जेसी तालिम | तालिम | १० | |
| समुदायस्तरका संस्थाहरुलाई नेतृत्व विकास तालिम | तालिम | २ | |
| स्थानीय तहसँगको साझेदारीमा विशेष दिवसहरु मनाउने | संख्या | २ | |
| रेडियो कार्यक्रम उत्पादन र प्रसारण | संख्या | ५ | |
| जलवायु अनुकुनल पूर्वाधार सिंचाई योजना कार्यावयन | संख्या | ५ | |
| विपद् व्यवस्थापन पूर्वाधार योजना नमूना कार्यान्वयन | संख्या | १ | |
| किवी पकेट क्षेत्रमा फलामे थाङ्ग्रा निर्माण सहयोग | संख्या | २२०० | |
| स्थानीय साझेदार संस्थाको भवन पूर्वाधार निर्माण सहयोग | संख्या | २ | |
| सामाजिक उत्तरदायित्व उपकरण र दृष्टिकोण मा सरोकारवाला बैठक | वडा | ४ | |
| सामाजिक परीक्षण सहजीकरण | वडा | ४ | |
| भिडियो प्रचार सामाग्री उत्पादन | संख्या | १ | |
| समाजकल्याण परिषद मार्फत कार्यक्रम अनुगमन | पटक | १ | |

## अनुसूची २: परिमाणात्मक प्रगति

### दिगो सामुदायिक विकास परियोजना (SCDP)

आर्थिक सहयोग: EWB/CU, USA

| कृयाकलाप | यूनिट | उपलब्धी | कैफियत |
|---|---|---|---|
| **हात्तिटार रमिति खानेपानी आयोजनाको निर्माण सम्पन्न तथा हस्तान्तरण** | घरधुरी | | माईजोगमाई ४ |
| खानेपानी आयोजनाको सम्पूर्ण निर्माण कार्य सम्पन्न तथा व्यवस्थापन। | घरधुरी | २२ | |
| खानेपानी मुहानको संरक्षण | घरधुरी | २२ | |
| एक घर-एक धारा निर्माण | घरधुरी | २२ | |
| पानीको पुन प्रयोगको मार्फत करेशावारी व्यवस्थापनमा सहयोग | घरधुरी | १८ | |
| पूर्ण सरसफाई तथा स्वच्छता सम्बन्धी तालिम | पटक | १ | |
| वार्षिक सरसफाई कार्ययोजना तयार | संख्या | १ | |
| खानेपानीको गुणस्तर परीक्षण | पटक | १ | |
| दिगो मर्मत-सम्भारका प्राविधिक जनशक्ति तालिम | जना | २ | |
| आवश्यक उपकरण तथा सामग्री हस्तान्तरण | पटक | १ | |
| मर्मत-सम्भार सञ्चालन निर्देशिका (Guideline) तयार | संख्या | १ | |
| आयोजनाको प्रभाव मूल्याङ्कन सर्भेक्षण | पटक | १ | |
| **आगामी वर्षका खानेपानी आयोजनाको छनोट तथा प्रारम्भिक तयारी** | | | |
| दुविलटार खानेपानी योजना सर्भे तथा प्रारम्भिक तयारी | घरधुरी | २२ | |
| आमाङटार खानेपानी योजना सर्भे तथा प्रारम्भिक तयारी | घरधुरी | २२ | |
| खानेपानीका श्रोतको गुणस्तर परीक्षण। | पटक | २ | |
| उपभोक्ता, स्थानीय सरकार र साझेदार संस्थाबीच कार्यशाला तथा त्रिपक्षीय सम्झौता | संख्या | १ | |
| **याक्खा गाउँ तथा आयोजना क्षेत्रमा Drown Mapping कार्यमा सहयोग** | | | |
| याख्यागाउँ क्षेत्रको प्रविधिमा आधारित लाईडर म्याप तयार | संख्या | १ | |
| **डिजिटल भौगोलिक स्टेशन स्थापना तथा सञ्चालन** | | | |
| नापी विभाग, नेपाल विज्ञान तथा प्रविधि प्रतिष्ठान (NAST) को प्राविधिक समन्व्यमा Digital Geological Station स्थापना तथा सञ्चालन | संख्या | १ | माईजोगमाई गाउँपालिका-३, शुक्रवारे |

## अनुसूची ३: परिमाणात्मक प्रगति

### नेपालमा विद्युतीय चुल्होको दिगो बजार विकास परियोजना (SMDeN):

आर्थिक सहयोग: EnDev/Practical Action Nepal

| क.स ख्या | क्रियाकलाप | यूनिट | उपलब्धी | कैफियत |
|---|---|---|---|---|
| १ | कार्यक्रमको शुरुवात तथा प्रारम्भिक बैठक | संख्या | ५ | इलाम, सुनसरी, धनकुटा, तेह्थुम, धनकुटा तथा संखुवासभा जिल्ला १६० जनाको सहभागीता |
| २ | स्थानीय तहहरुबाट कार्यक्रम संचालनको लागि सहमती पत्र लिने | वटा | २८ | १५ वटा नगरपालिका र १३ वटा गाउँपालिका |
| ३ | व्यवहार परिवर्तन, प्रदर्शनी र डिजिटल साक्षरता | वटा | ११५ | कार्यक्षेत्र भित्र ५०९१ जनाको सहभागीता |
| ४ | रेडियो मार्फत विज्ञापन प्रसारण तथा सूचना सम्प्रेषण मार्फत व्यवहार परिवर्तन | वटा | ६ | ६ वटा रेडियो स्टेशन मार्फत कार्यक्रम अवधिभर प्रसारण |
| ५ | लक्षित वर्गमा आधारित लैङ्गिक सशक्तिकरण तालिम | वटा | १५ | परियोजनाका कर्मचारीहरुका लागि १ (१९ जना सहभागी ) र कार्यक्षेत्रका स्थानी तहहरुमा १४ वटा (४१ पुरुष र ५७६ जना महिलाहरुको सहभागीता) |
| ६ | स्थानीय प्राविधिकहरुका लागि विद्युतीय चुलोको मर्मत संभार तालिम | वटा | २ | ३१ जना सहभागीहरुको सहभागीता |
| ७ | बिक्रेता तथा बजार प्रतिनिधिहरुको क्षमता विकास | वटा | १ | ४१ जनाको सहभागीता |
| ८ | स्थानीय तह तथा संघसंस्थाहरु संग समन्वय बैठक | वटा | १८ | |
| ९ | भार विश्लेषण तथा Safety Audit | वटा | २८ | |
| १० | परियोजना समिक्षा कार्यशाला | वटा | २ | मध्यावधी र अन्तिम समिक्षा |
| ११ | विद्युतीय चुलो वितरण | वटा | ८०७८ | तेह्थुम २५५, धनकुटा ११७२, संखुवासभा १२११, इलाम २१२२ र सुनसरी ३३१८ वटा |
| १२ | जडित चुलोको व्यक्तिगत परामर्शदाता बाट अनुगमन | जना | ५ | ३८५५ चुलोको अनुगमन |
| १३ | एम.आइ.एस. तालिम | वटा | १ | परियोजनाका १० जना कर्मचारीहरुको सहभागीता |
| १४ | हाउस वायरिङ्ग सुधार | घर | ३५४ | |

## अनुसूची ४: परिमाणात्मक प्रगति

### हरित नमुना गाउँ तयारी एवं प्रवर्द्धन कार्यक्रम

आर्थिक सहयोग: NCDF – CANADA/USA

| कृयाकलाप | यूनिट | उपलब्धी | कैफियत |
|---|---|---|---|
| **अध्ययन तथा सर्भेक्षण** | | | माईजोगमाई ३ र ४ |
| वार्षिक २ पटक (सुक्खा र वर्षाद)स्वस्थ्य सर्भेक्षण | पटक | २ | |
| समुदायको स्वास्थ्य स्थितीको विस्तृत अध्ययन प्रतिवेदन तयारी | संख्या | १ | |
| समस्या ग्रस्त घरधुरीको पुन: खानेपानी तथा श्रोतहरुको गुणस्तर परीक्षण | पटक | २ | |
| **हरित गाउँ अभियानको रणनितिक योजना तयारी** | | | माईजोगमाई ४ |
| हरितगाउँ तयारीको लागि सरोकारवाला छलफल | पटक | ३ | |
| याख्या गाउँको सामाजिक आर्थिक तथा वातावरणीय तथ्याङ्क संकलन एंव अध्ययन | घरधुरी | १८३ | |
| हरित नमूना गाउँ तयारीका लागि ३ दिने सहभागितात्मक योजना तर्जुमा कार्यशाला सम्पन्न | पटक | १ | |
| हरित नमूना गाउँ योजनाको लागिव GIS सर्भेक्षण र नक्साङ्कन | पटक | १ | माईजोगमाई ४ |
| हरित नमूना गाउँ योजना दस्तावेज तयारी | घरधुरी | १८३ | |
| योजना कार्यान्वयनका लागि स्थानीय सरकार तथा सरोकारवाला र दाता विच संयुक्त छलफल कार्यशाला | पटक | २ | |
| प्राथामिकता प्राप्त कृयाकलापहरु कार्यान्वयनका लागि प्रस्ताव तयारी र सहयोगी दाताहरुको खोजी | पटक | ५ | |
| **याक्खा गाउँ तथा आयोजना क्षेत्रमा Drown Mapping कार्यमा सहयोग** | | | |
| याक्खा गाउँ तथा आयोजना क्षेत्रको विस्तृत Drown Mapping | पटक | १ | माईजोगमाई ४ |
| **याक्खा गाउँमा भएका पानीका श्रोतहरुको विवरण संकलन** | | | |
| याक्खा गाउँमा भएका २४ खानेपानी श्रोतहरुको अवस्था विवरण संकलन | स्रोत | २४ | |
| खानेपानी स्रोतको भौगोलिक अवस्थिति नक्साकंन | संख्या | २४ | |
| खानेपानी स्रोतहरुको गुणस्तर परीक्षण | संख्या | २२ | |
| खानेपानी स्रोतहरुको बहाव मात्रा विवरण संकलन | संख्या | २२ | |
| खानेपानी आयोजनाको प्राविधिक पूर्व संभाव्यता अध्ययन | संख्या | १२ | |
| **हात्तिटार सामुदायिक आधारभुत विद्यालयमा तालिम** | | | माईजोगमाई ४ |
| समदाय तथा अविभावकहरुमा गुणस्तरीय शिक्षा र सामुदायिक विद्यालय संचालन सम्वन्धी अभिमुखिकरण | पटक | २ | |
| मण्टेश्वरी प्रविधि मार्फत शिक्षण शिकाई सम्वन्धि शिक्षक तथा सरोकारवालाहरुलाई तालिम | दिन | ५ | माईजोगमाई ४ |
| गुणस्तरीय शिक्षाको लागि प्राविधिक उपकरण सहयोग | पटक | १ | |
| याख्खा संस्कृति प्रवर्द्धनको लागि भिडियो सामाग्री तयार | संख्या | १ | माईजोगमाई ४ |

## आ.ब. २०८२/०८३ मा संचालित कार्यक्रमका केही फोटोहरू






समुन्नत इलाम सम्पन्न इलामेली
इलाम नगरपालिका
१२ नं. वडा कार्यालय
Ilam Municipality, Ilam
Green City Initiative
Strategic Plan
WORKSHOP
Organized By


Clean Environment Healthy Life


इलाम नगरपालिका
११ नं. वडा कार्यालय
सोयाक, इलाम, कोशी प्रदेश, नेपाल
२०७३
“वातावरणमैत्री स्थानीय शासन प्रवर्द्धन”
वडास्तरीय अभिमुखीकरण कार्यक्रम
इलाम नगरपालिका वडा नं ११,
२०८३ बैशाख
आयोजक












गोरखापत्र
शनिबार
2025 December 6 Saturday
किवी प्रशोधन उद्योग सञ्चालन
माटो
संरक्षणम
बोल्छ
सिइओ क्लब
सदस्य सम्मान
कृत्रिम तालबाट एकै दिन दु

## Amangtar Water Distribution System – Tapstand Point Survey

WGS 84 / UTM Zone 45N | April 2026






**क) नामसालिङ सामुदायिक विकास केन्द्र**
मुख्य कार्यालय, माईजोगमाई गाउँपालिका वडा न. ३ इलाम
सम्पर्क न.९७४९२०८२८५

**ख) नामसालिङ सामुदायिक विकास केन्द्र**
स्रोत केन्द्र कार्यालय, इलाम नगरपालिका वडा न.८, धोबिधारा इलाम
सम्पर्क न.९८५२६८०१७०

**ग) नामसालिङ सामुदायिक विकास केन्द्र**
परियोजना सम्पर्क कार्यालय, काठमाण्डौं महानगरपालिका वडा न.१० पुरानो बानेश्वर
सम्पर्क न.९८५२६२०४१२

**घ) नामसालिङ सामुदायिक विकास केन्द्र**
परियोजना कार्यालय, भिमेश्वर नगरपालिका वडा न. ३ चरिकोट दोलखा
सम्पर्क न. ९८५११६९७१८

**ङ) नामसालिङ सामुदायिक विकास केन्द्र**
परियोजना कार्यालय, राप्ती गाउँपालिका वडा न.३ देउखुरी दाङ
सम्पर्क न.९८५७८५९६१६